# राष्ट्रिय प्रकृति संरक्षण कोष
## जैविक विविधता संरक्षण केन्द्र
## सौराहा, चितवन

### सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

दोस्रोपटक प्रकाशित मिति २०७७ पौष ०८ गते बुधबार । सूचना नं ०२।२०७७।०७८

यस जैविक विविधता संरक्षण केन्द्र अन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको कसरा क्षेत्रमा संचालनमा रहेको गिद्द संरक्षण तथा प्रजनन् केन्द्रमा पालिएका गिद्दहरुको लागि ३ वर्ष माथि उमेरका बयस्क जिउदा रांगाहरुको आपुर्ति सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले ईच्छुक स्थायी लेखा नम्वर लिई मु.अ.करमा दर्ता भई नियमानुसार कर चुक्ता भएका ईजाजत् प्राप्त व्यवसायीहरुबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोछ ।

१) दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र चालु आर्थिक बर्षको नवीकरण गरेको फर्म दर्ता प्रमाणपत्र, ईजाजत् पत्र, आ.ब. २०७६/०७७ को आयकर चुक्ता प्रमाणपत्र वा कर विवरण पेस गर्ने म्याद थप भएको प्रमाणपत्र वा कर विवरण पेस गरेको प्रमामणपत्रको प्रमाणित प्रतिलिपिहरु निवेदनसाथ संलग्न राखि सम्वन्धित पदाधिकारीको दस्तखत र कोषको छाप लागेको सिलवन्दी दरभाउपत्र फाराम फिर्ता नहुने गरी रु. १०००।- (एक हजार मात्र) तिरी जैविक विविधता संरक्षण केन्द्र, सौराहा, चितवनबाट खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र माथि उल्लेखित प्रमाणित कागजातहरु समेत समावेश गरी जैविक विविधता संक्षण केन्द्र, सौराहा, चितवनमा दाखिला गरिसक्नु पर्नेछ । दाखिला हुन आएका दरभाउपत्रहरु १६ औं दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा जैविक विविधता संरक्षण केन्द्र, सौराहा, चितवनमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) एक फर्म वा संस्थाको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

४) आपूर्तिगर्ने रांगाको गुणस्तर कार्यालयले तोके बमोजिमको हुनुपर्नेछ र सो को विस्तृत विवरण कार्यालय समयमा जैविक विविधता संरक्षण केन्द्रको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

५) रांगाको आवश्यक परिमाण दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ र उक्त परिमाणमा आवश्यकता अनुसार थप वा घट हुन सक्नेछ । परिमाणमा थप वा घट भएको अवस्थामा आपूर्तिकर्ताले सोही बमोजिम आपूर्ति गर्नु पर्नेछ ।

६) सिलवन्दी दरभाउपत्रमा दररेट भर्दा मु.अ.कर बाहेकको रकम अंक र अक्षर दुवैमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७) सिलवन्दी दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मितिवाट ४५ दिनको हुनेछ । दरभाउपत्रदाताले जिउंदो रांगा आपूर्तिको लागि रु.४५,०००।- (अक्षरेपी पैंतालीस हजार रुपैयां मात्र) मा नघटाई सिलवन्दी दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा ३० दिन बढी अवधिको मान्यता प्राप्त वित्तीय संस्थाले राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्रको नाममा जारी गरेको बैंक जमानत (बैंक ग्यारेण्टी) को सक्कल प्रति वा सौराहा चितवन स्थीत प्रभु बैंक लिमिटेडमा NTNC-BCC को नाममा रहेको चल्ती खाता नम्वर ०४१००२९७९९७०००५१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८) दरभाउपत्र स्वीकृत भएपछि चालु आ.व. २०७७/०७८ मा कुल आपूर्ति गरिने अनुमानित रांगाको मूल्यको ५% (पांच प्रतिशत) ले हुन आउने रकमको धरौटी निवेदनसाथ राखि सम्झौता गर्न आउनु पर्नेछ ।

९) दरभाउपत्रदाता रांगा आपूर्ति कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित आपूर्ति कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१०) आवश्यक कागजातहरु नभएको,रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दरभाउपत्र सिलवन्दी लाहाछाप भई नआएको, निर्धारित ढांचामा नभएको, दरभाउपत्रदाता वा सो को प्रतिनिधिको सही तथा छाप नभएको, केरमेट गरि दस्तखत नभएको र अधुरो किसिमले भरिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । साथै सिलवन्दी दरभाउपत्रको खाम बाहिर फर्म वा कम्पनीको नाम, ठेगाना लेखी छाप समेत लगाउनु पर्नेछ ।

११) दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोहि समयमा हुनेछ ।

१२) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस जैविक विविधता संरक्षणसंग सुरक्षित रहनेछ ।

१३) यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून, नियमानुसार हुनेछ ।

१४) बयस्क जिउदा रांगा आपूर्ति कार्यको विवरण देहाय बमोजिम रहेकोछ ।

| ठेक्का/सूचना नं. | कामको नाम | सिलवन्दी दरभाउपत्रदाताको वर्ग | दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०२।२०७७।०७८ | मासुको लागि बयस्क जिउदा रांगा आपूर्ति | मासुको लागि बयस्क जिउदा रांगा आपूर्ति | १,०००।- | |

**मिति २०७७।०९।०८ गते चितवन पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित सूचना संग सम्बन्धित विस्तृत सूचना**

**नोटः कार्यालय खुल्ने समयः**बिहान ०९:३० बजेदेखि बेलुका ४:०० बजेसम्म । (आइतबार देखि बिहिबार सम्म)
:बिहान ०९:३० बजेदेखि अपरान्ह १:०० बजेसम्म । (शुक्रबार)